## सूचना २

## एकल महिला सुरक्षा कोष (सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०७६

एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरुको नाम "एकल महिला सुरक्षा कोष (सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० को नियम २ मा संशोधन</u>: एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली,२०७० (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (घ)को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।"

(२) खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छ :-

"(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।"

३. <u>मूल नियमावलीमा नियम ३क., ३ख. र ३ग. थप</u> : मूल नियमावलीको नियम ३ पछि देहायका नियम ३क.,३ख. र ३ग. थपिएका छन्:-

"३क.<u>प्रदेशको कोष</u> : (१) प्रदेशले आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने काम समेतको लागि प्रदेश कानून बमोजिम प्रदेश एकल महिला सुरक्षा कोष स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कोषको उपयोग, सञ्चालन तथा व्यवस्थापन प्रदेश कानून बमोजिम हुनेछ ।

३ख. <u>स्थानीय तहको कोष</u> : (१) स्थानीय तहले आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने काम समेतको लागि स्थानीय कानून बमोजिम स्थानीय एकल महिला सुरक्षा कोष स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको स्थानीय एकल महिला सुरक्षा कोषमा नियम ३ को उपनियम (१) बमोजिमको कोषबाट आवश्यकता अनुसार मन्त्रालयले केही रकम अनुदानको रुपमा उपलब्ध गराउन सक्नेछ।

(३) उपनियम (१) बमोजिमको कोषको उपयोग, सञ्चालन तथा व्यवस्थापन स्थानीय कानून बमोजिम हुनेछ ।

३ग. <u>विवरण पेश गर्नु पर्ने</u> : सम्बन्धित स्थानीय तहले नियम ३ख. बमोजिम स्थापना भएको कोषको लागि मन्त्रालयबाट प्राप्त रकमबाट सञ्चालन गरिएका कार्यक्रम र खर्च समेतको विवरण तयार गरी त्रैमासिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ।"

४. <u>मूल नियमावलीको नियम ६ मा संशोधन</u> : मूल नियमावलीको नियम ६ को खण्ड (ख),(ग) र (घ) को सट्टा देहायका खण्ड (ख), (ग) र(घ) राखिएका छन् :-

"(ख) सहसचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(ग) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(घ) सहसचिव, सङ्घीयमामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य"

५. <u>मूल नियमावलीको नियम ७ मा संशोधन</u> : मूल नियमावलीको नियम ७ को खण्ड (च) झिकिएको छ ।

६. <u>मूल नियमावलीको नियम १३ मा संशोधन</u>: मूल नियमावलीको नियम १३ को,-

(१) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) सम्वन्धित स्थानीय तहले नियम ३ख. वमोजिम स्थापना भएको कोषमा प्राप्त भएको रकमसो कोषवाट वर्षभरी सञ्चालन गरिएका कार्यक्रम,एकल महिलाको लागि कार्यक्रम सञ्चालन गर्दा हुन गएको खर्च, सञ्चालन भएको कार्यक्रमबाट भएको उपलब्धि तथा भविष्यमा गरिनु पर्ने सुधार समेतको विषय समावेश गरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) मन्त्रालयले उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदन समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्नेछ।"

आज्ञाले,
याम कुमारी खतिवडा
नेपाल सरकारको सचिव